प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
बुटवल, नेपाल

# प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६ लाई संशोधन गर्न बनेको प्रस्ताव

प्रस्तावना: प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ४ मा संशोधन: (१) प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा १ को,-

(क) खण्ड (च) मा रहेका "मदरसा शिक्षा सञ्चालन गर्ने स्थानीय तहबाट" भन्ने शब्दहरुको सट्टा "लुम्बिनी प्रदेशभित्रका" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (छ) मा रहेका "शिक्षा विकास निर्देशनालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा तथा सामाजिक विकास निर्देशनालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) सोही दफाको उपदफा ४ पछि देहायबमोजिम चारवटा उपदफाहरु थप गरिएका छन् ।

"(५) उपदफा (१) बमोजिमको समितिका उपाध्यक्षले नेपाल सरकारले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतले पाउने शुरु तलबमानसरह मासिक पारिश्रमिक मात्र पाउनेछन्।"

"(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख) बमोजिमको उपाध्यक्षलाई प्रदेश सरकारले र खण्ड (च) बमोजिमका सदस्यलाई मन्त्रालयले जुनसुकै बखत हटाउन सक्नेछ।"

"(७) उपदफा (१) बमोजिमको समितिका सदस्यहरुको पारिश्रमिक तथा भत्ता बापतको सुविधा मन्त्रालय वा मातहतको कार्यालयको स्वीकृत बजेट बमोजिम व्यवस्था गर्नुपर्नेछ।"

"(८) उपदफा (१) बमोजिमको समितिले प्रत्येक शैक्षिक सत्र समाप्त भएको तीन महिना भित्र मन्त्रालय समक्ष आफ्नो वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।"

३. मूल कार्यविधिको दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा राखिएको छः-

"(२) उपदफा (१) बमोजिम अनुगमनमा जाँदा उपाध्यक्षले राजपत्राङ्कित द्वितीय श्रेणी सरहको र मनोनित अन्य सदस्यहरुले राजपत्राङ्कित तृतीय श्रेणीस्तरको भ्रमण खर्च पाउनेछन् ।

४. रुपान्तरण: यस कार्यविधिमा रहेका "प्रदेश नं ५" को सट्टा "लुम्बिनी प्रदेश", "सामाजिक विकास मन्त्रालय" को सट्टा "शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय" र "आर्थिक मामिला तथा योजना मन्त्रालय" को सट्टा "आर्थिक मामिला हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएका छन् ।

कृष्ण प्रसाद पन्थ
सचिव

माननीय वसीउद्दीन खाँ
मन्त्री
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय